# धुर्कोट गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
बर्कोट, गुल्मी


च.नं :

प.सं : 

५ नं. प्रदेश, नेपाल


**न्यूनतम रोजगारमा संलग्न हुनका लागि निवेदन दिने सूचना ।**

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्राप्त पत्रानुसार रोजगारको हकसम्वन्धी ऐन २०७५ को दफा ११ रोजगारीको हक सम्वन्धी नियमावली २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ को दफा १८ तथा नेपाल सरकार (मन्त्रिपरिषद) को तत्कालीन राहत सम्बन्धी मिति २०७७/०१/१४ को निर्णयका आधारमा रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान हुने १०० दिनको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक व्यक्तिहरुले २०७७ साउन ८ गतेदेखि २०७७ भदौ ७ गतेसम्म यस गाउँपालिकाभित्रको आफूले स्थायी बसोबास गरेको वडा कार्यालयमा बेरोजगार व्यक्तिको रुपमा सूचीमा सूचीकृत हुनका लागि निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा र यस सम्वन्धी विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np र यस गाउँपालिकाको वेवसाइट www.dhurkotmun.gov.np बाट प्राप्त गर्न सकिने छ ।

**न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक मापदण्डः**

१. निवेदन दिदाको मितिसम्म सोही आर्थिक वर्षमा न्यूनतम १०० दिनको रोजगारीमा संलग्न नभएको ।

२ निवेदन दिदाको मितिसम्म सोही आर्थिक वर्षमा स्वरोजगारमा संलग्न भई न्यूनतम १०० दिन रोजगारी वापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिकभन्दा कम आय भएको ।

३ नागरिक १८ वर्ष पूरा भइ ५९ वर्ष ननाघेको ।

४ पूर्ण विवरणसहित रीतपूर्वक निवेदन दिई यस कार्यक्रममा सहभागी हुन इच्छुक भएको ।

**न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक कागजातः**

१ निवेदनसहित परिवारमा भएका सम्पूर्ण सदस्यहरुको धुर्कोट गाउँपालिकाभित्र स्थायी बसोबास देखिने नेपाली नागरिकताको प्रमाण पत्रको स्पष्ट देखिने प्रतिलिपि । नागरिकतामा स्थायी बसोबास धुर्कोट गाउँपालिका नदेखिएमा बसाइसराई वा विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपि । नागरिकता नभएमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि ।

२ निवेदक वैदेशिक रोजगारबाट फर्किएको वा श्रम स्वीकृति लिइ वैदेशिक रोजगारमा जान नपाएको व्यक्ति भएमा पासपोर्टको नंम्बर भीसा र फिर्ता आएको स्पष्ट देखिने प्रतिलिपि

३ पासपोर्ट साइजको फोटो १ प्रति ।

(पुनश्च बेरोजगार व्यक्तिले अनुसूची १ बमोजिमको निवेदनमा परिवारको सम्पूर्ण विवरण, परिवारको आर्थिक आय लगायतका विवरणहरु अनिवार्य रुपमा भर्नु पर्नेछ । पूर्ण रुपमा नभरिएका फारामहरु सूचीकृत गरिने छैन । थप जाकारीका लागि धुर्कोट गाउँपालिका रोजगार सेवा केन्द्रको मोवाइल नं ९८४७१३३८९७ मा सम्पर्क गर्न सक्नु हुनेछ)

२०७७/०४/०३

काशिराम पन्थी

प्रमुख प्रशासकीय अधिकृत